# लोकतन्त्र

- बद्री पौडेल, न्यू योर्क

लोकतान्त्रिक देशमा चारै तर्फ लोकतन्त्र हुनु पर्छ
अदालतले पनि सरकारको चाहना अनुसार निर्णय दिनु पर्छ
लोकतान्त्रिक सरकारको इच्छा बिपरित दिएको निर्णयलाई
सरकारको आदेशमा अदालतले उल्ट्याउनु पर्छ |

लोकतन्त्रमा विश्वविद्यालय सम्मको शिक्षा निशुल्क हुनु पर्छ
शुल्क लिने  निजि शैक्षिक संस्था बन्द गरिनु पर्छ
जाँच दिने विद्यार्थी जति सबै परिक्षामा पास हुनै पर्छ
नत्र परिक्षा नियन्त्रण कार्यालय जलाउन पाउनु पर्छ |

लोकतन्त्रमा सरकारी कार्यालयमा पनि राजनैतिक ट्रेड युनियनहरु हुनु पर्छ
हरेक बर्ष पच्चिस प्रतिसतले कर्मचारीको तलब वृद्धि हुनु पर्छ
हरेक दुइ दुइ बर्षमा सबै कर्मचारीको प्रमोशन हुनै पर्छ
नत्र देश भरिका सरकारी कार्यालय ठप्प पार्न पाउनु पर्छ |

लोकतन्त्रमा प्रहरीले अपराधिको आदेस मान्नुपर्छ
गुरुले बिद्ध्यार्थिको खुट्टा ढोग्नु पर्छ
पिउनले हाकिमलाई काम लगाउन पाउनु पर्छ
नत्र कालो मोसो र जुत्ताको मालाको लागि तयार रहनु पर्छ |

लोकतन्त्रमा जसले जुन बेला चाह्यो देश बन्द गर्न पाउनु पर्छ

बन्दको अभज्ञा गरि बिरामी ओसार्ने एम्बुलेन्स जलाउन पाउनु पर्छ

बिदेशी पर्यटकलाई एअरपोर्टबाट सुटकेस गुडाउँदै पैदल हिडाउनु पर्छ

बन्दको अभज्ञा गरि औषधि पसल खोल्ने मालिकका हात खुट्टा भाच्न पाउनु पर्छ |

लोकतन्त्रमा अनेकतामा एकता होइन एकतामा अनेकता हुनु पर्छ

त्यसैले बाहुन, क्षत्री, गुरुङ, मगर, नेवार, मधेसी, दलित, आदिले

"पूर्ण आत्म निर्णय को अधिकार"  सहितका छुट्टा छुट्टै संघिय राज्य पाउनु पर्छ

नत्र हात हतियार उठाएर बिद्रोहमा उत्रिन पाउनु पर्छ |

संसारको सबभन्दा ठुलो लोकतन्त्र अमेरिका रे

जहाँ जबर्जस्ती बन्द हड्ताल, तोड फोडको त कुरै छाडौं

शान्तिपूर्ण सभा जुलुशको लागि पनि अनुमति लिनु पर्ने

यत्रो ठुलो लोकतन्त्र आफ्नै देशमा आउँदै छ , हामी नेपाली किन अमेरिका बसाई सर्ने ?

---

(लोकतन्त्र अपरिहार्य कुरा हो | तर लोकतन्त्रको नाममा हाल नेपालमा अनेकौं बिकृतिहरु देखा पर्न थालेका छन् | यो कबितामा तिनै विकृतिहरुलाई व्यंगात्मक तरिकाले चित्रण गर्ने प्रयास गरिएको छ |)